D.A.O. Reg.No. 1210 SWC Reg. No. 33344


# तराई मानव अधिकार रक्षक सञ्जाल

केन्द्रिय कार्यालय, जलेश्वर, महोत्तरी

# TERAI HUMAN RIGHTS DEFENDERS ALLIANCE

Central Office
jaleshwor, Mahottari


मिति: २०७३ फाल्गुन ४ गते

## प्रेस विज्ञप्ति

जनकपुर विकास निर्माणको लागि विभिन्न माँग गर्दै आमरण अनसनमा बस्नु भएको बृहत्तर जनकपुर विकास परिषदको अध्यक्ष रामकुमार शर्मा, नयाँ शक्ति पार्टी नेपालको कलामुद्दिन राईन र मिथिलेश दासको विग्रिदै गएको स्वास्थ्य अवस्थाप्रति तराई मानव अधिकार रक्षक संजालको (थर्ड एलायन्स) ध्यानाकर्षण भएको छ ।

चरणबद्ध रुपमा जनकपुर विकास निर्माण लगायतको विभिन्न माँग राख्दै आन्दोलन गर्दै आउनुभएको अनसनकारीहरु मिति २०७३ माघ २० गते ( १४ दिन ) देखि आमरण अनसनमा बस्नु भएको छ । लामो समय देखि शान्तिपूर्णरुपमा आन्दोलन गर्दापनि नेपाल सरकारको कुनै पनि निकायले यस प्रति वास्ता नगर्दा अनसनरत्त पक्षधरको बाँच्न पाउने अधिकारबाट वञ्चित हुने अन्तिम अवस्थामा रहेकोले तत्काल सम्बन्धित निकायलाई यसै विज्ञप्ति मार्फत वार्ताको लागि पहल गर्न आह्वान गर्दछौं ।

दिनप्रतिदिन अनसनकारीको स्वास्थ्य अवस्था दयनिय बन्दै गएकोले जीवनको अधिकार नै संकटमा परेको देखिन्छ । अनसकनकारीहरु उठबस गर्नमा समेत समस्या परेको कुरा अनुगमनबाट देखिएको हुनाले समयमै वहाँहरुको स्वास्थ्य प्रति ध्यान दिनु पर्ने नितान्त आवश्यक देखिन्छ । नेपाल सरकारले यथासम्भव अनशनकारीको मागहरुलाई गम्भिरताको साथ लिइ यथासिघ्र सहमति सम्झौता गरी जिवनको अधिकारलाई संरक्षण गर्न सम्बन्धित सबैमा तराई मानवअधिकार रक्षक संजालको माग समेत गर्दछ ।

**किरण कुमार कर्ण**

मानवअधिकार अधिकृत